वैठक संख्याः- ७५

बैठक मितिः- २०७९।११।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।११।१२

प्रस्ताव नं.- १

विषयः– चालु आ.व. को हालसम्म नगरपालिकाले गरेको कार्यसम्पादनमो प्रगति समिक्षा सम्बन्धमा ।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

नगरको विकास निर्माण लगायत सेवा प्रवाह र आय व्ययको विषयमा नियमित समिक्षा हुन पर्दछ । समस्या पहिचान र तिनको सुधार निरन्तर प्रकृया हो । स्थानीय सरकार संचालन ऐनमा उल्लेख भएका सबै कामहरूको अनुगमन नियमन र मूल्याङ्कन तथा सुधारका लागि नीति कानून मापदण्ड वनाउने जिम्मेवारी कार्यपालिकालाई दिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

कार्यसम्पादनमा भएका कमजोरी पहिचान गरी नियमित सुधार गर्नुपर्छ । योजनाहरू पनि बार्षिक कार्ययोजना र खरिद योजना मुताविक हुन कार्यान्वयन गर्नुपर्ने हुन्छ । स्थिति प्रस्तुती, समिक्षा, समस्या पहिचान, र समस्याको संवोधनका लागि सुधारका कार्ययोजना नबनाई सुधार गर्न सकिन्न ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

योजना तथा कार्यक्रमको स्थिति र वितीय प्रगतिको अवस्था जानकारी गराउन, आगामी दिनमा कार्यान्वयनको गति वढाउन, तोकिएको समयमा खरिद योजना तथा कार्यान्वयन योजनामा उल्लेख भएबमोजिम कार्यान्यन गर्न गराउन, विधि प्रकृयालाई पारदर्शी वनाई सहज रूपमा योजना कार्यक्रम कार्यान्वयन गर्न ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) चालु आ.व. को हालसम्म फिदिम नगरपालिकाका सबै विषयगतशाखाहरुले गरेको कार्यसम्पादनको छुट्टाछुट्टै प्रस्तुती, समिक्षा, समस्याको पहिचान र समस्या संवोधनका उपायहरूको विश्लेषण गरी फिदिम नगरपालिकाको समग्रत: कार्यसम्पादन प्रगति देहायअनुसार रहेको व्यहोरा समिक्षा गरियो ।

| क्र.सं. | विषयक्षेत्र | | वित्तीय प्रगति (% मा | कैफियत |
|---|---|---|---|---|
| १. | सार्वजनिक सेवा र सुशासन | | १३.०८ % | |
| २. | पूर्वाधार विकास | | ११.०२ % | |
| ३. | सामाजिक विकास | | ४३.०१ % | |
| ४. | आर्थिक विकास | | ७.०१ % | |
| ५. | सञ्चालन खर्च | | ३२.६५ % | |
| जम्मा | | | २६.३२ % | |

ख) चालु आ.व. मा नगरपालिकाबाट सञ्चालन हुने सबै कार्यक्रम (सडक बोर्ड नेपालसँगको साझेदारीमा गरिने बाहेक) को सम्झौता गर्ने समयसिमा यसअघि २०७९ फागुन १५ गते सम्म तोकिएकोमा सोको म्याद थप गरी २०७९ फागुन मसान्त सम्ममा गर्ने/गराउने ।

ग) समिक्षा कार्यक्रमबाट पहिचान गरिएका सुधार गर्नुपर्ने विषयहरुलाई आगामी दिनमा सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गरियो ।

बैठक संख्याः- ७५

बैठक मितिः- २०७९।११।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।११।१२

प्रस्ताव नं.- २

विषयः– नगरस्तरीय अनुगमन समितिले पेश गरेको प्रतिवेदन सम्बन्धमा।

१. **विषयवस्तुको संक्षिप्त व्यहोराः**

फिदिम नगरपालिकाको अनुगमन,मूल्यांकन तथा सुपरिवेक्षण सम्बन्धी कार्यविधि,२०७८ दफा ५ मा व्यवस्था भएअनुसार नगर उपप्रमुख श्री राधाकृष्ण न्यौपानेज्यूको संयोजकत्वमा गठित नगरस्तरीय अनुगमन समितिले फिदिम नगरपालिकामा आ.व. २०७९/८० मा स्वीकृत कार्यक्रम/योजनाहरुको हालसम्म भएका क्रियाकलापहरुको अनुगमन गरी प्रतिवेदन पेश गरेको छ।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

कुनै पनि कार्यक्रममा निरन्तर MEAL (Monitoring, Evaluation, Accountability, Learning) बाट सुधार गर्न सकियो भने मात्र सकारात्मक परिणाम ल्याउन सकिन्छ। सृजनशिल नेतृत्व तथा व्यवस्थापक विकास गर्न सकिन्छ। हरेक आ व मा सञ्चालन भएका सेवा तथा कार्यको नियमिति अनुगमन, प्रगति, सिकाई र उत्तरदायित्व लिने पद्धतिको विकास गर्नु नै शुसासन हो। सिकाईबाट कमजोरीलाई सुधार र संवोधन हुनुपर्छ। सुधारमा निरन्तरता दिनुपर्छ।

३. **प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

यस नगरपालिका तथा अन्तर्गतका निकायहरूबाट सञ्चालित विकास तथा अन्य नियमित कामको नियमित अनुगमन गरी तिनमा भएका सवल तथा सुधारका पक्ष र सिकाई सहितको प्रतिवेदन बनाउनु पर्ने भएको । लक्षित कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति तथा कार्यक्रम सञ्चालन गर्दा पाइएका असल अभ्यास र अवरोधहरूको पनि पहिचान गर्नुपर्छ। यि विषयको पहिचानबाट आगामी अवधिमा सिकाई गरी सुधार गर्दै जानुपर्दछ। हरेक कार्यक्रमको अलग अलग र एकिकृत प्रगति समेत तयार गर्नुपर्नछ।

४. **निर्णय हुनुपर्ने व्यहोराः**

क) योजना/कार्यक्रमहरुको हालसम्मको कार्यान्वयन स्थिति र सुधारका सुझावहरु रहेको नगरस्तरीय अनुगमन समितको प्रतिवेदन(यसैसाथ संलग्न) उपर छलफल गरियो।

ख) प्रतिवेदनमा उठेका सवालहरूलाई आगामी दिनमा संवोधन तथा सुधार गरेर जाने प्रतिवद्धता व्यक्त गरियो।

अनुसूची ४

(कार्यविधिको दफा ५ को उपदफा ६ (ङ) संग सम्वन्धित)

**चौमासिक अनुगमन प्रतिवेदन (कार्यपालिकामा पेश गर्ने प्रयोजनको लागि)**

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पाँचथर

मिति: २०७९/११/१४

**श्री प्रमुखज्यू,**
**फिदिम नगरपालिका, पाँचथर**

विषयः **दोश्रो चौमासिक /वार्षिक अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

प्रस्तुत विषयमा चालु आ.व. २०७८/०७९ मा सञ्चालनमा रहेका योजना तथा कार्यक्रमको स्थलगत अनुगमन तथा निरीक्षण यस फिदिम नगरपालिकाकोअनुगमन, मूल्याङ्कन तथा सुपरिबेक्षण सम्बन्धी कार्यविधि २०७८ कार्यविधिको दफा ५ को उपदफा ६ (ङ) बमोजिम गर्दा देहाय बमोजिमको प्रतिवेदन कायम हुन आएको व्यहोरा अनुरोध छ ।

**देहायः**

| सि.नं. | अनुगमन गरिएका आयोजनाको संख्या | दिइएका सुझावहरुको संख्या | सुझाव तथा निर्देशन पालनाको अवस्था | न्यायिक समितिमा सिफारिस गरिएका आयोजनाको संख्या | समग्र प्रगती | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ७५ वटा ( अनुगमन अभिलेख अनुसुची १ को सि.नं. ११४ सम्मको मिति २०७९/११/१२ सम्मको ) | १३० वटा | सुधारोन्मुख रहेको छ। | ० | ५२.८ प्रतिशत | |

.................................
सदस्यसचिव
(प्रेम बहादुर काफ्ले)
अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण समिति
फिदिम नगरपालिका

.................................
संयोजक
(राधाकृष्ण न्यौपाने)
अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण समिति
फिदिम नगरपालिका

बैठक संख्याः- ७५

बैठक मितिः- २०७९।११।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।११।१२

प्रस्ताव नं.- ३

विषयः– झोलुङ्गे पुलको लागी योजना प्रस्ताव गरी पेश/माग गर्ने सम्बन्धमा।

१. **विषय र विषयको संक्षिप्त व्यहोराः**

तीनै तहको सरकारको समन्वय तथा सहकार्यमा बजेट व्यवस्थापन र निर्माण कार्य अगाडी बढाउनका लागी यस नगरपालिकामा चाहिने झोलुङ्गे पुलहरुको विवरण पठाईदिनुहुन भनी स्थानीय पूर्वाधार विभागको च.नं. २३० मिति २०७९/१०/१६ को पत्र प्राप्त भएको हुँदा पेश गरिने झोलुङ्गे पुलहरुको विवरण निर्धारण गर्नुपर्ने।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

नेपाल सरकारको पन्ध्रौ योजनाले आधारभूत सेवाको पहुँचलाई आधा घण्टाको फेरोमा ल्याउने लक्ष्म लिएको र झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी आगामी तीन(३) वर्ष भित्र आवश्यक सबै झोलुङ्गे पुल निर्माण सम्पन्न गरी आधारभूत पहुँचमा सुनिश्चितता गरिने व्यहोरा प्राप्त पत्रमा उल्लेख गरिएको।

३. **प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

विवरण उपलब्ध गराउँदा कार्यपालिकाको बैठकको निर्णय सहित पठाउनुहुन भनी पत्र भएको र एक गाउँबाट अर्का गाउँ जोड्ने, गाउँबाट विद्यालय, स्वास्थ्य चौकी, वडा तथा जिल्ला सदरमुकाम जोड्नका लागी आवश्यक देखिएका झोलुङ्गे पुललाई मागमा समेट्नु उचित हुने देखिएकोले

४. **निर्णय हुनुपर्ने व्यहोरा :**

फिदिम नगरपालिकामा निर्माणको आवश्यकता देखिएका झोलुङ्गे पुलहरुको विवरण(यसैसाथ संलग्न) स्थानीय पूर्वाधार विभाग, ललितपुरमा माग/पेश गर्ने।

वैठक संख्याः- ७५

बैठक मितिः- २०७९।११।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।११।१२

प्रस्ताव नं.- ४

विषयः– प्रधानमन्त्री रोजगार र शहरी शासकीय पूर्वाधार कार्यक्रमको ज्यालामा भएको असमानताका सम्बन्धमा।

**१. विषय र विषयको संक्षिप्त व्यहोराः**

प्रत्यक्ष रोजगार उपलब्ध गराउने र श्रममूलक कार्यपद्धतिबाट योजना/कार्यक्रम सम्पादन गर्ने गरी फिदिम नगरपालिकामा सशर्त अनुदानतर्फका प्रधानमन्त्री रोजगार र शहरी शासकीय पूर्वाधार कार्यक्रम सञ्चालित छन्।श्रमिकले समान प्रकृतिको काम गर्नुपरे पनि ति दुई कार्यक्रमबाट उपलब्ध गराईने ज्यालाको दरमा भने समानता छैन। यसबाट श्रमिक परिचालनमा समेत बाधा उत्पन्न भएको छ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

शहरी शासकीय पूर्वाधार कार्यक्रममा जिल्ला दररेटअनुसारको ज्याला उपलब्ध गराउनु हुन भनी परिपत्र भएको। प्रधानमन्त्री रोजगार कार्यक्रममा भनै सबै प्रकारका श्रमिकहरुलाई प्रतिदिन रु. ५७७ /- मात्र ज्याला उपलब्ध गराउन कार्यक्रमले निर्देशित गरेको देखिन्छ। आ.व. २०७९/८० मा पाँचथर जिल्लाका लागी स्वीकृत जिल्ला दररेटमा अदक्ष कामदार/ज्यामीको लागी ज्यालाको दर रु. ७५०/- प्रतिदिन निर्धारण गरिएको हालको अवस्थामा उल्लेखित दुई कार्यक्रमबाट श्रमिकलाई उपलब्ध गराईने प्रतिदिनको ज्यालामा रु. १७३/- को फरक देखिन्छ।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

श्रममूलक प्रकृतिका उस्तै कार्यक्रममा श्रमिकलाई उपलब्ध गराईने ज्यालामा असमानता रहेकोले बढी ज्याला पाईने कार्यक्रममा श्रमिकको आर्कषण रहेको र तुलानात्मक रुपमा कम ज्याला पाईने कार्यक्रममा काम गर्न श्रमिकहरुले उदासिनता देखाएको हुँदा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा समस्या उत्पन्न भएको। "Equal pay for work of equal value" को सिद्धान्तलाई आत्मसात् गरी न्यायोचित एवं सुधारोन्मुख कार्यवातावरणको सिर्जना गर्नुपर्ने आवश्यकता देखिएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोरा :**

फिदिम नगरपालिकामा सञ्चालित श्रममूलक कार्यक्रमहरु(नेपाल शहरी शासकीय पूर्वाधार विकास कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम)बाट श्रमिक/अदक्ष कामदारहरुलाई उपलब्ध गराईने ज्यालाको दरमा असमानता रहेको र तुलनात्मक रुपमा कम ज्यालादर भएको कार्यक्रमको ज्यालामा परिमार्जन गरी जिल्ला दररेट अनुसार नै उपलब्ध गराउन सकिएमा ज्याला दरमा एकरुपता कायम भई कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने देखिएकोले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रमिक/अदक्ष कामदारलाई उपलब्ध गराईने ज्यालाको दर जिल्ला दररेट अनुसार नै (रु. ७५० प्रतिदिन) कायम गरिदिनका लागी तालुक निकायमा अनुरोध गर्ने।

वैठक संख्याः- ७५

बैठक मितिः- २०७९।११।१५

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।११।१२

प्रस्ताव नं.- ५

विषयः– विविध

(क) आर्थिक सहायता सम्बन्धमा।

**(क) विषय र विषयको संक्षिप्त व्यहोराः**

मिति २०७९ फागुन १६ गतेदेखि २०७९ माघ २० गते सम्म फिदिम नगरपालिका, वडा नं. ०५ स्थित पाँचथर रंगशालामा आयोजना गर्न लागिएको पाँचथर रंगशाला कप फुटबल प्रतियोगिता र मिति २०७९ फाल्गुन २० गते फिदिम मा.वि.को खेल मैदानमा आयोजना गर्न लागिएको बृहत सांगितिक कार्यक्रमका लागि आर्थिक सहायता गरिदिनुहुन भनी तुम्याहाङ क्लब, पाँचथरको च.नं. १९, मिति २०७९/१०/२९ को पत्रबाट अनुरोध भई आएको छ।

**(ख) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः**

फुटबल एवं सांगितिक कार्यक्रममा सर्वसाधारणको उपस्थिति उत्साहजनक रहेको। कार्यक्रममा राष्ट्रिय एवं स्थानीय कलाकारहरुको साँगितिक प्रस्तुती रहेको।

सहयोग रकम माग भइ आएको। दिने नदिने निर्णय हुनुपर्ने। दिदा पनि संघसंस्थालाई आर्थिक सहायता शिर्षकबाट दिनुपर्ने स्थिति रहेको।

**(ग) प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः**

नेपालको खेलकुद क्रमशः व्यवसायिकतातर्फ उन्मुख हुँदै गरेको अवस्थामा स्थानीय क्लबहरुले आयोजना गरेको खेलकुद/फुटबल कार्यक्रमलाई प्रोत्साहन पर्ने देखिन्छ। खेलकुदको माध्यमबाट अन्य जिल्ला एवं पालिकासँग सम्बन्ध विस्तार हुने र नगरको गौरवसमेत बढ्ने भएकोले प्रतियोगिता सञ्चालनका लागि यथासक्य सहयोग गर्नुपर्ने भएको। कोरोना महामारीका कारण मानसिक तनावमा रहेका नगरवासीहरुले मेलामा आयोजना गरिएका सांगीतिक कार्यक्रमबाट आफूलाई तनावमुक्त गराएका। लामो समय स्टेज नपाएका कलाकारहरुलाई स्टेज समेत प्राप्त भएको। स्थानीय पर्यटन प्रवर्द्धन र बजारको आर्थिक गतिविधिमा वृद्धि समेत हुने भएकोले मेला/महोत्सव/सांगितिक कार्यक्रम सञ्चालनमा नगरपालिका उदार एवं सहयोगी हुनुपर्ने देखिन्छ।

**(घ) निर्णय हुनुपर्ने व्यहोराः**

पाँचथर रंगशाला कप फुटबल प्रतियोगिता एवं बृहत सांगितिक तथा साँस्कृतिक कार्यक्रम सञ्चालन गर्न विभिन्न व्यक्ति तथा संघसंस्थालाई आर्थिक सहायता शिर्षकमा रहेको रकमबाट अक्षरेपी रु. पचासहजार (५०,०००/-) मात्र तुम्याहाङ क्लब, फिदिम ०५, पाँचथरलाई आर्थिक सहायता उपलब्ध गराउने।